लोक सेवा आयोग

# काठमाडौं कार्यालय

परीक्षा शाखा

नयाँ बानेश्वर, काठमाडौं

☎ ०१-४११५८३१, ४११५८३३, ४११५८३४ फ्याक्स नं- ०१-४११५८३५ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

## नेपाली सेनाको सैन्य पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

### सूचना नं. ३५/०७७-७८, मिति २०७७/०७/२७

नेपाली सेनाको देहायको विज्ञापन नम्वर तथा पदमा आयोगबाट पूर्व प्रकाशित परीक्षा कार्यक्रम यस पूर्व कोभिड-१९ को विश्वव्यापी महामारीको कारण स्थगित गरिएकोमा लोक सेवा आयोगको मिति २०७७/०७/१७ गतेको निर्णयबाट नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को पालना गर्ने गराउने गरी देहायको मिति, समय र स्थानमा सञ्चालन हुने लिखित परीक्षाका लागि **श्री उपत्यका पृतना हेडक्वाटर, नारायणहिटी, काठमाडौंबाट** छनौट भएका उम्मेदवारहरुको परीक्षा भवन देहाय बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित नगराइने भएकोले तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा **एक घण्टा अगावै पुगी आफ्नो परीक्षा कोठा समेत एकिन** गर्नुहुन अनुरोध छ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ ।

### लिखित परीक्षा कार्यक्रम तथा परीक्षा भवन

| क्र.सं. | विज्ञापन नम्वर | पद | लिखित परीक्षा मिति, समय र अवधि<br>विविध (अंग्रेजी, नेपाली, गणित र सामान्य-ज्ञान) | उम्मेदवारहरुको दर्ता नम्वर | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|---|---|
| १. | ०७६/७७/४२ (खुला/समावेशी) | सैन्य | २०७७ मंसिर १३ गते दिनको १:०० बजे (२ घण्टा ३० मिनेट) (विषयगत र वस्तुगत) | २३५०४ देखि २३९०८ सम्म | १०० जना | श्री सैनिक आवासीय महाविद्यालय, सल्लाघारी, भक्तपुर (क) केन्द्र (East Block) |
| | | | | २३९०९ देखि २४२६४ सम्म | १०० जना | श्री सैनिक आवासीय महाविद्यालय, सल्लाघारी, भक्तपुर (ख) केन्द्र (East Block) |
| | | | | २४२६७ देखि २४६०७ सम्म | १०० जना | श्री सैनिक आवासीय महाविद्यालय, सल्लाघारी, भक्तपुर (ग) केन्द्र (West Block - Ground Floor) |
| | | | | २४६११ देखि २४९२९ सम्म | १०० जना | श्री सैनिक आवासीय महाविद्यालय, सल्लाघारी, भक्तपुर (घ) केन्द्र (West Block - फलामको रेलिङको बरण्डा भएको) |
| | | | | २४९३१ देखि २५३०८ सम्म | १११ जना | श्री सैनिक आवासीय महाविद्यालय, सल्लाघारी, भक्तपुर (ङ) केन्द्र (West Block - 1st and 2nd Floor) |

**द्रष्टव्य १:-**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।

३. काठमाडौ परीक्षा केन्द्र बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराईने छैन ।

४. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

६. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

७. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

द्रष्टव्य २ः- **कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा दुई मिटरको दूरी कायम गर्नु पर्नेछ ।

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

६. उत्तरपुस्तिका बुझाउँदा उत्तरपुस्तिकामा रहेको खाली स्थान काटी बुझाउनु पर्नेछ ।

७. परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानु पर्नेछ ।

८. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरूका लागि सम्बन्धित परीक्षा भवनमा विशेष केन्द्रको व्यवस्था गरिने छ।

............................
(अभिराज डाँगी)
शाखा अधिकृत

..........................
(चन्द्रकान्त निरौला)
उपसचिव